मुमिनले आफ्ना राम्रा चरित्र र व्यवहारका कारण दिनभरी व्रत बस्ने र राती तहज्जुदको नमाज पढ्ने व्यक्तिको स्थान प्राप्त गर्दछ ।

आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें : "मुमिनले आफ्ना राम्रा चरित्र र व्यवहारका कारण दिनभरी व्रत
बस्ने र राती तहज्जुदको नमाज पढ्ने व्यक्तिको स्थान प्राप्त गर्दछ ।"
[शवाहिद (गवाहहरु) ले गर्दा सही हो] [अबू दाउद र अहमदले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, राम्रो व्यवहारले व्यक्तिलाई निरन्तर रोजा राख्ने र तहज्जुद पढ्ने व्यक्तिको स्थानमा पुर्याउँछ । राम्रा व्यवहार भनेको अरुको भलाइ गर्नु, राम्रो कुरा गर्नु, मुस्कुराएर भेट्नु, कसैलाई दु:ख नदिनु र अरुले चोट पुर्याउँछ भने धैर्य गर्नु हो ।

http://sunnah.global/hadeeth/ne/show/5799